**नेपाल सरकार**

**गृह मन्त्रालय**

**जिल्ला प्रशासन कार्यालय, जुम्ला**

# थप जग्गा प्राप्ति सम्बन्धी सूचना

**प्रकाशित मिति :- २०८२/१२/०२**

नेपाल विद्युत प्राधिकरण दैलेख-कालिकोट-जुम्ला १३२ के. भी. प्रसारण लाइन आयोजना अन्तर्गतको जुम्ला १३२ के. भी. सबस्टेशन निर्माण गर्नका लागि मिति २०७९/०९/०६ गतेको गोरखापत्र दैनिकमा जग्गा प्राप्ति सम्बन्धी सूचना प्रकाशन भएकोमा केही जग्गा छुट हुन गई जग्गा प्राप्ति ऐन २०३४ अनुसार देहाय बमोजिमको जग्गा स्थायी रुपमा प्राप्त गर्नुपर्ने भएकोले जग्गा प्राप्ति ऐन २०३४ को दफा (९) को उपदफा (१) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । जग्गा प्राप्ति ऐन २०३४ को दफा (११) बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सरोकारवाला व्यक्तिले घरटहरा, रुखबिरुवा वा अन्य केही भए सो समेतको मुआब्जा दावी गर्न आ-आफ्नो हकदैया या भोगचलन सम्बन्धी सबुत निस्सा तथा प्रमाण सहित रित पूर्वकको निवेदन यस कार्यालय वा सम्बन्धित आयोजनाको कार्यालयमा कार्यालय समयमा दिनुहोला । तोकिएको म्याद भित्र निवेदन नदिई म्याद गुजारेको खण्डमा कानून बमोजिम हुनेछ र पछि कुनै उजुर लाग्ने छैन ।

**<u>तपशिल :</u>**

जुम्ला जिल्लाको चन्दननाथ नगरपालिका वडा नं.९ उम्गाढ (साविकः तलिउम ४) मा जुम्ला १३२ के. भी. सबस्टेशन निर्माण कार्यका लागि आवश्यक पर्ने जग्गाहरुको विवरण :

| क्र.सं. | जग्गाधनीको नाम, थर | बाबु/पतिको नाम, थर | बाजे/ससुराको नाम, थर | कि.नं. | जग्गाको पुरा क्षेत्रफल (व.मी.) | प्राप्त गरिने जग्गाको क्षेत्रफल (व.मी.) | जग्गाको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | मानविर सार्की | हरी सार्की | रन्न सार्की | ११६ | ०००५४ | ०००५४ | खे.चा. | |